annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक १४७, पृष्ठ ८ | काठमाडौं, बिहीबार ८ असोज २०८३ | भाद्र शुक्लपक्ष त्रयोदशी नेपाल संवत् ११४६ | THURSDAY, SEPTEMBER 24, 2026 | मूल्य : रु. १०

रसुवा 'लाइफलाइन' बन्द, त्रिशूली वारिपारि छैन सम्पर्क

नुवाकोटको त्रिशूली बजारको पुल दुई किनारा जोड्ने माध्यममात्रै थिएन, त्रिदेशीय नाकाको लाइफलाइन थियो। भदौ १० को भोटेकोशी बाढीले पुल बगाइदिएपछि त्रिदेशीय नाका ठप्प छ। नुवाकोट-त्रिशूली सम्पर्क विच्छेद छ। एक महिनासम्म पनि पुल नबन्दा बाढीपीडित सर्वसाधारणले सास्तीमाथि सास्ती भोगिरहेका छन्।

जे पाण्डे | *त्रिशूली (नुवाकोट)*

समाचार पृष्ठ २

विज्ञ मत

विपद्को घेरामा नेपाल

डा. नरेन्द्रराज खनाल
भूगोलविद्

नेपालको ८० प्रतिशतभन्दा बढी भाग पहाडले ढाकेको छ। करिब ६० मिटर अर्थात् झापाको कञ्चनकलदेखि सगरमाथाको ८,८४८.८६ मिटरसम्म उचाइका भाग यहाँ छन् । उचाइ बढ्दै जाँदा तापक्रम घट्दै जान्छ र तल्लो भाग र माथिल्लो भागको हावापानीमा फरक पर्छ । माथिल्लो उचाइमा रहेका भागमा तापक्रम कम हुन्छ, त्यसैकारण वर्षाको पानी हिउँका रूपमा पर्छ। वर्षाका रूपमा परेको पानी पनि माटो र चट्टानका दरारहरूमा ढकमक्क भई बस्छ । चिसोका कारण तुसारो तथा बरफमा परिवर्तन हुन्छ। हिउँ, बरफ र तुसारो जस्ता भूसतह परिवर्तनका संवाहकहरूको कार्यले विभिन्न किसिमका भू-आकृति, हिमनदी र हिमताल निर्माण गर्दछन्, जुन आफैंमा चलायमान भइरहन्छन्।

तल्लो उचाइमा काठको घना जंगल पाइन्छ। काठको घना जंगल पाइने अधिकतम उचाइको रेखा ठाउँ हेरी ३ हजार ८ सयदेखि ४ हजार मिटरसम्म हुन्छ। वृक्ष रेखा ४ हजारदेखि ४ हजार सय मिटरको उचाइमा रहेको छ। बाह्रैमास हिउँ रहने हिमरेखाको तल्लो उचाइ ४ हजार ५ सयदेखि ५ हजार मिटरसम्म रहेको छ।

चिसोका कारणले हिउँ, बरफ र तुसारोसहित जमिन जमेर बसेको हुन्छ। यसलाई अंग्रेजीमा 'पर्माफ्रोस्ट' जमेको जमिन भनिन्छ। तापक्रम बढ्दै जाँदा वर्षायाममा यो जमिन पग्लिने गर्दछ र हिउँद याममा पुन: जम्ने गर्दछ। जमिनको सतहभित्र माटो तथा चट्टानका दरारहरूमा रहेको पानी हिउँदमा जमेर बरफ र तुसारो बन्ने अनि वर्षामा पग्लिने कार्यले विभिन्न अनौठा किसिमका भू-आकृतिहरू (जस्तै: चट्टानका सागर/रक सी, रक ग्लेसियर, प्याटर्न ग्राउन्ड आदि) निर्माण हुन्छन्।

पहाडी भिरालो ढल र चट्टानहरू चलायमान हुने हुँदा भू-क्षय, हिउँ, चट्टान र माटोका पहिरोहरू जाने र त्यसबाट सिर्जित विपद्का घटनाहरू हुने गर्दछन्।

हिमनदी र हिमताल पनि चलायमान हुन्छन्। त्यसैकारण फुटेर खोलामा बाढी आउने र किनारामा पहिरोको जोखिम हुन्छ । उदाहरणका लागि सन् १९८१ र २०१६ मा चीनमा रहेका हिमताल फुटेर सुनकोशीमा बाढी आएको थियो। त्यस्तै, गत वर्ष पनि चीनमै रहेको पुरेप हिमताल फुटेर त्रिशूलीमा बाढी आएको थियो। सन् १९८५ मा डिगच्छा हिमताल र सन् २०२४ मा थामे हिमताल फुटेर दूधकोशीमा बाढी गएको थियो। सन् २०२१ मा मेलम्चीमा आएको बाढी र हालै हिम-चट्टानी पहिरोले हिमनदी थुनेर आएको बाढी यसका उदाहरण हुन्।

नेपालको उच्च हिमाली भाग र माथिल्लो जलाधार क्षेत्रमा रहेको चीनको उच्च तिब्बती पठार तथा हिमाल, साथै महाकाली नदीको पूर्वपट्टि भारतमा पर्ने उच्च जलाधार क्षेत्रमा हुने विपद्का घटनाले निकै क्षति पुऱ्याइरहेको छ।

नेपालको उपल्लो जलाधार क्षेत्र रहेका चीनका पाँचवटा जलाधारहरू (अरुण, तामाकोशी, सुनकोशी, त्रिशूली, बुढीगण्डकी र हुम्ला कर्णाली) तथा भारतको एक जलाधार (महाकाली/काली) गरी जम्मा क्षेत्रफल करिब १,८४,९२८ वर्ग किलोमिटर छ। यसमध्ये करिब १८ प्रतिशत चीनमा र झन्डै २ प्रतिशत भूभाग भारतमा पर्दछ।

» बाँकी पृष्ठ ६

अबिच्युरी

उच्च र प्राविधिक शिक्षा विस्तारका योद्धा अस्ताए

दिनेश गौतम | *काठमाडौं*



मुलुकको उच्च शिक्षामा विश्वविद्यालयको अवधारणालाई संस्थागत रूप दिन र प्राविधिक शिक्षाको विस्तारमा जीवनको उर्बर समय खर्चिएका शिक्षाविद् प्राडा सुरेशराज शर्मा अस्ताए।

काठमाडौं विश्वविद्यालय (केयू)का संस्थापक उपकुलपति शर्माको बुधबार ८६ वर्षको उमेरमा निधन भयो। काठमाडौंको धुम्बाराहीस्थित ह्याम्स अस्पतालको सघन उपचार कक्षमा उपचारका क्रममा उनको निधन भएको अस्पतालका अध्यक्ष आरएस भण्डारीले जानकारी दिए।

डा. शर्माको परिचय एउटा विश्वविद्यालयका उपकुलपतिमा मात्र सीमित थिएन। उनको सक्रियता प्राविधिक शिक्षाको विस्तारदेखि विश्वविद्यालय निर्माण हुँदै शिक्षा नीति निर्माण र पाठ्यक्रम विकाससम्म रहेको छ। संस्थाको नेतृत्व गर्नुमात्र होइन, संस्था निर्माण गर्नु उनको कार्यशैलीगत विशेषता थियो।

जीवनको उत्तरार्धसम्म पनि उनी शिक्षासम्बन्धी बहस र चिन्तनमा सक्रिय थिए। लेखरचना लेख्थे, सार्वजनिक कार्यक्रममा सहभागी हुन्थे र शिक्षाको बदलिँदो स्वरूपबारे आफ्नो धारणा राख्थे। निधन हुनुभन्दा करिब दुई महिनाअघि गत साउन १ गते अन्नपूर्ण मिडिया नेटवर्कको डिजिटल कोसेली 'सम्पूर्ण'को शुभारम्भ कार्यक्रममा उनी प्रमुख अतिथि थिए। शिक्षक मासिकमा शर्माका लेखरचना प्रकाशन गर्दै आएका सम्पादक राजेन्द्र दाहालका अनुसार जीवनको अन्तिम घडीसम्म पनि डा. शर्मा शिक्षाको श्रीवृद्धिबारे चिन्तित रहन्थे।

» बाँकी पृष्ठ ६

करातेमा तेन्जिङले दिएको खुसी

» समाचार पृष्ठ ८

मूलधारको राजनीतिक एजेन्डा बन्न १७ वर्ष

शिवप्रसाद ढुंगाना | *काठमाडौं*

जलवायु न्याय मुद्दा

जलवायु न्यायका लागि अन्नपूर्ण

१७ वर्षअघि सन् २००९ मा कालापत्थरमा मन्त्रिपरिषद् बैठक राख्दा तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालमाथि 'सगरमाथा हेर्ने बहाना' भनेर धेरैले सस्तो टिप्पणी गरेका थिए। त्यसबेला सरकारको प्रमुख एजेन्डा बनेको जलवायु परिवर्तनको मुद्दा अहिले न्याय खोज्ने कोसेढुंगा बन्ला भनेर सायदै विश्वास थियो।

त्यसयता लामो समय केही गैरसरकारी संस्था र केही विश्वस्तरीय सेमिनारमा जलवायु परिवर्तन अनुकूलन र कार्बन उत्सर्जनको मुद्दा बने पनि नेपाली राजनीतिको मूलधारमा प्रवेश गरेको थिएन।

जलवायु परिवर्तनको विश्वव्यापी असरतर्फ विश्व समुदायको ध्यान खिच्न तत्कालीन सरकारले ऐतिहासिक कदम चालेको प्रसंग पूर्वप्रधानमन्त्री नेपाल स्मरण गर्छन्। मालदिभ्सले समुद्रमुनि मन्त्रिपरिषद् बैठक बसेर विश्वलाई सन्देश दिएझैं नेपालले पनि आफ्नै विशिष्ट भौगोलिक पहिचानअनुसार हिमाली क्षेत्रमै बैठक बस्ने मौलिक विचार अघि सारेको उनले बताए। नेपालले कालापत्थर बैठक स्मरण गर्दै भने, 'समुद्र भएको देशले पानीमुनि बैठक बस्छ भने, पहाड भएको देशले पहाडको टाकुरामा किन नबस्ने? त्यो विचार आयो हाम्रो दिमागमा।'

अन्तर्राष्ट्रिय स्तरमा टापु र तटीय राष्ट्रहरूले जस्तै विश्वभरका झन्डै ५० हिमाली र ४४ अल्पविकसित देशहरूले पनि संगठित भई आफ्ना अधिकार र एजेन्डाका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने उनको भनाइ छ।

'विश्वमा ४६ वटा टापु देशहरू छन्, तटीय देशहरू १ सय ५० वटा छन्, हिमाली देशहरू झन्डै ५० वटा मात्रै छन्। यो ५० वटा भएको हिमाली देशले पनि पहल किन नगर्ने ? अल्पविकसित राष्ट्रहरू ४४ को संख्यामा छन्। तिनीहरूको आवाज पनि बुलन्द किन नगर्ने ?' नेपालले प्रतिप्रश्न गरे।

भोटेकोशी जलप्रलयपछिको विपद्पछि भने यही मुद्दा नेपालको सत्ता, संसद् र प्रमुख राजनीतिक दलहरूको मुख्य एजेन्डा बनेको छ।

» बाँकी पृष्ठ ६

गुटेरेसले नै उठाइदिए नेपालको जलवायु मुद्दा

राधा खनाल | *काठमाडौं*

प्रधानमन्त्री वालेन्द्र शाहले संयुक्त राष्ट्रसंघको ८१औं महासभामा नेपालको धारणा राख्नुअघि नै संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले नेपालको हिमालय र जलवायु संकटलाई विश्वमञ्चको बहसको केन्द्रमा ल्याएका छन्।

महासभाको उच्चस्तरीय सामान्य बहस उद्घाटन गर्दै गुटेरेसले तीन वर्षअघि नेपालको हिमाली क्षेत्रमा आफूले दिएको चेतावनी स्मरण गरे। उनले सन् २०२३ मा नेपाल भ्रमणका क्रममा तीव्र गतिमा हिमनदी पग्लिरहेको विषय उठाउँदै 'विश्वको छानो भत्किँदैछ' भनेर चेतावनी दिएको उल्लेख गरे। अहिले नेपालमा देखिएका विनाशकारी घटनाले जलवायु संकटका प्रभाव आफूले चेतावनी दिएभन्दा पनि छिटो र गम्भीर रूपमा देखिन थालेको उनको भनाइ थियो। गुटेरेसले भनेका छन्, 'तीन वर्षअघि, नेपालका हिमालहरूबाट मैले विश्वको छानो खसिरहेको चेतावनी दिएको थिएँ। अत्यन्तै तीव्र गतिमा हिउँ पग्लिरहेको विषयमा खतराको घण्टी बजाएको थिएँ।

» बाँकी पृष्ठ ५